# 'विश्व जनसंख्या स्थिति २०१७' — संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए)ले १७ अक्टोबर २०१७ मा सार्वजनिक गरेको प्रतिवेदन

## विभाजित विश्व : असमानताको युगमा प्रजनन् स्वास्थ्य र अधिकार

महिलाको प्रजनन् स्वास्थ्य र अधिकारमा हामीले असमानताहरू नघटाएसम्म विश्वले दिगो विकास लक्ष्यहरू हासिल गर्न सक्ने छैन र गरिबी घटाउने अभियान अवरुद्ध हुनेछ।

- आर्थिक असमानता प्रजनन् स्वास्थ्यमा हुने असमानता सँगसँगै बढ्दै जान्छ
- आर्थिक असमानता सामाजिक, जातिय, राजनीतिक र संस्थागत असमानताहरूबाट प्रेरित हुन्छ र यसले सबैभन्दा बढी पिछडिएकाहरूको प्रगतिको आशामा अवरोध गर्दै ती असमानताहरूलाई प्रेरित गर्छ।
- यसमा महिला स्वास्थ्यलगायत पक्ष पर्छन् जहाँ केवल सुविधाप्राप्त थोरैले मात्र आफ्नो प्रजनन् क्षमतामा नियन्त्रण राख्न सक्छन् र जसको परिणमस्वरूप उनीहरू पारिश्रमिक पाइने काममा लागेर आर्थिक शक्ति हासिल गर्न सक्छन्।
- जब महिलाहरू आफ्नो परिवारमाथि नियन्त्रण राख्न सक्षम हुन्छन्, उनीहरू आफ्नो शिक्षा पूरा गर्न सक्छन्, पारिश्रमिक पाइने श्रम बजारमा पस्न सक्छन् र थप आर्थिक शक्ति हासिल गर्न सक्छन्।

साझा समृद्धि अनुभव गर्न हामीले अति पिछडिएकाहरूलाई अगाडि ल्याउने तर्फका दिगो विकास लक्ष्यहरूमा सचेत रहनै पर्छ ।

- प्रजनन् स्वास्थ्य र परिवार नियाजनका सेवाहरूमा मुलुकका सबैभन्दा विपन्न समूहका दम्पतिको पहुँच विना यो संभव छैन।
- हामीले किशोर/किशोरीलाई प्राथमिकता दिनुपर्छ, बाल विवाह र कम उमेरमै हुने गर्भधारण रोक्नु पर्छ।
- ठूलो युवा जनसंख्या भएका मुलुकहरूले शिक्षामा लगानी र गर्भधारणमा ढिलाई गर्ने जस्ता कदमहरूमार्फत् 'जनसांख्यिक लाभांश'बाट फाइदा लिन सक्छन् र यसबाट भविश्यको पुस्ता लाभान्वित हुनेछ।

**युएनएफपीएको प्रतिवेदन 'विभाजित विश्व' त्यस्ता कदमका लागि आह्वान गर्दछ जसले उज्यालो भविश्यतर्फ डोऱ्याउँछ, जहाँ सबै महिलाले आफ्नो जीवनको निर्णय आफैं लिन्छन् र यौन तथा प्रजनन् स्वास्थ्यमा समान पहुँच पाउँछन् अनि उपब्धिपूर्ण रोजगारीका लागि शिक्षा, शीप र सामर्थ्य हासिल गर्छन्।**

- किशोरी र युवतीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सूचना र सेवाहरूको पहुँचमा रोक्ने विभेदकारी कानून, मान्यता वा सेवाहरू छन् भने ती अवरोध पन्छाइनु पर्छ।
- अति विपन्न महिलासम्म अत्यावश्यक जीवन रक्षा गर्ने प्रसूति तथा मातृस्वास्थ्य सेवाको पहुँच पुऱ्याइनु पर्छ।
- अति विपन्न ४० प्रतिशत घरपरिबारलाई प्राथमिकता दिंदै परिवार नियोजनका सबै पूरा हुन नसकेका मागहरू पूरा गरिनु पर्छ।

**विश्व जनसंख्या स्थिति २०१७ पूरा प्रतिवेदन : http://www.unfpa.org/swop**